# पञ्चपुरी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बाबियाचौर, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

प.सं.२०८०/०८१
च.नं.

मिति २०८१/०३/२७

**विषयः- स्पष्ट पारिएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा महालेखा परिक्षकको आ.व.२०७९/०८० को म.ले.प. प्रतिवेदनमा औंल्याइएको बेरुजु सम्वन्धमा यूग आह्वान राष्ट्रिय दैनिक र सामाजिक संजालमा समाचार प्रकाशित भएको प्रति कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ। जनप्रतिनिधीको हकमा कर्णाली प्रदेश सरकारद्धारा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानुनमा संशोधन र एकिकरण गर्न वनेको ऐन २०७७ अनुसार सेवा सुविधा भुक्तानी भएको र भुक्तानी लेखांकन गर्दा वैठक भत्ता र अन्य तोकिएको सेवा सुविधाहरु एउटै भरपाइ तयार गरी भुक्तानी गर्दा भुलवस एकमुष्ठ १% सामाजिक सुरक्षा कर कट्टी हुन गएको र उक्त बैठक भत्ता वापत कट्टी गर्नुपर्ने १५% पारिश्रमीक कर २०८० फागुन महिनाको सम्पुर्ण जनप्रतिनिधि सेवा सुविधावाट कट्टी गरि प्रतिकृयावाट वेरुजु सम्परिक्षणको लागि पठाइएकोमा भुलवस नगर प्रमुख ज्यू सहित ९ जनाको बेरुजु सम्परिक्षण नभएकोले बेरुजु असुल उपर भैसकेको तर सम्परिक्षणको क्रममा भएको कुरा जानकारीको लागि अनुरोध छ ।समाचारमा प्रकाशित अन्य विषयहरुमा कार्यालयको कार्यसम्पादन विगत वर्षहरु भन्दा सरल,सहज,पारदर्शी र सुविधायूक्त बनाइएको छ, विगत वर्षहरु भन्दा वेरुजु तुलनात्मक रुपमा घटेको छ, म.ले.प.को कार्यालयले दिएको सुझावहरु कार्यान्वयनमा रहेको छ ।साथै वेरुजु सम्परिक्षण तर्फ नियमानुसार प्रक्रिया अगाडी वढिसकेको कुरा सरोकारवाला सवैमा जानकारीको लागि अनुरोध छ ।

द्रोणदेव वन
लेखा अधिकृत

द्रोणदेव वन
लेखा अधिकृत